# आलिताल गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ०२ संख्या : १ मिति : २०७७/०४/०१

## भाग - १

### आलिताल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

नेपालको संविधान बमोजिम आलिताल गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## आलिताल गाउँपालिकाको विनियोजन ऐन, २०७७

**प्रस्तावना :** आलिताल गाउँपालिकाको आर्थिक वर्ष २०७७।७८ को सेवा र कार्यहरुको लागि संचित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम आलिताल गाउँपालिका, डडेल्धुराको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "आलिताल गाउँपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन आलिताल गाउँपालिकाको स्थानीय राजपत्रमा सूचना प्रकाशित गरेको मिति देखि प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०७७।७८ को निमित्त संचित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष २०७७।७८ मा गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम (अक्षरेपी) सम्म नबढाई निर्दिष्ट गरिए बमोजिम संचित कोषबाट खर्च गर्न सकिनेछ ।

आलिताल गाउँपालिका

३. **<u>विनियोजन :</u>** (१) यस ऐनद्वारा संचित कोषबाट खर्च गर्ने अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७।७८ मा आलिताल गाउँपालिका, डडेल्धुराको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

आलिताल गाउँपालिका

आलिताल गाउँपालिका

गाउँ कार्यपालिको कार्यालय, डडेल्धुरा

**आय तथा व्ययको प्रक्षेपण**

२०७७।७८ रु. हजारमा

| शिर्षक | २०७५,७८६ को यथार्थ | २०७६।७७ को संशोधित अनुमान | २०७७।७८ को अनुमान |
|---|---|---|---|
| राजस्व | ० | ० | ४४९४७७.५९ |
| आन्तरिक श्रोत | ० | ० | २२७५१.३३ |
| ११३१३ एकीकृत सम्पती कर | ० | ० | ५०० |
| ११३१४ भुमिकर/मालपोत | ० | ० | ७०० |
| ११३२१ घरवहाल कर | ० | ० | ५०० |
| ११३२२ वहाल विटौरी कर | ० | ० | १५०० |
| ११४७९ अन्य मनोरञ्जन कर | ० | ० | २०० |
| ११६३२ अखेटोपहारमा लाग्ने कर | ० | ० | २०० |
| ११६९१ अन्य कर | ० | ० | ११०० |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ० | ० | ७०० |
| १४१५९ अन्य स्रोतबाट प्राप्त रोयल्टी | ० | ० | २००० |
| १४१९१ पर्यटन शुल्क | ० | ० | २०० |
| १४२१२ सरकारी सम्पत्तीको बिक्रीबाट प्राप्त रकम | ० | ० | ५०० |
| १४२२१ न्यायिक दस्तुर | ० | ० | १०० |
| १४२२४ परीक्षा शुल्क | ० | ० | १०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ० | ० | १२०० |
| १४२४२ नक्सापास दस्तुर | ० | ० | ७०० |
| १४२४३ सिफारिश दस्तुर | ० | ० | ६०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ० | ० | ३५० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ० | ० | ३०० |
| १४२४९ अन्य दस्तुर | ० | ० | १५०० |
| १४२५३ व्यवसाय रजिष्ट्रेशन दस्तुर | ० | ० | ६०० |
| १४२६५ अन्य क्षेत्रको आय | ० | ० | २०० |
| १४३१३ धरौटी सदरस्याहा | ० | ० | २०० |
| १४५२९ अन्य राजस्व | ० | ० | ८८०.९२ |
| १४६११ व्यवसाय कर | ० | ० | ५०० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | ० | ० | ७९६५४.६७ |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर (राजस्व बाँडफाँड-संघीय सरकार) | ० | ० | ७८०५९.६७ |
| ११४५६ बाँडफाँडबाट प्राप्त हुने सवारी साधनकर (राजस्व बाँडफाँड-प्रदेश सरकार) | ० | ० | १५९५ |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | ० | ० | ३५०९९२ |
| संघीय सरकार | ० | ० | ३२६७०० |
| प्रदेश सरकार | ० | ० | २४२९२ |
| वैदेशिक स्रोत | ० | ० | ० |
| वित्तीय व्यवस्था (प्राप्ति) | ० | ० | ० |
| अन्य आय | ० | ० | ३५०० |
| १५१११ बेरुजु | ० | ० | ३५०० |
| जनसहभागिता | ० | ० | ० |
| | | | |
| व्यय | ० | ० | |
| बजेट बचत (+)/न्युन(-) | ० | ० | ४४९४७७.५९ |
| गत वर्को नगद मौज्दात | ० | ० | ७४२०.४० |

आज्ञाले,

भोज बहादुर ऐडी

प्रमुख प्रशासकीय अधिकृत

आलिताल गाउँपालिका